का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

फोन नं.: ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी व्यवसायी महासंघ

## Federation of Nepal Gold & Silver Dealers' Associations


स्थापित : २०६९
काठमाडौं ।

चलानी नं. :
पत्र संख्या :

**Attn: News Desk**

Date : 2082/06/10

Weekly Chart




| Date | Day | GoldPer 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2082/06/05 | Sunday | 1,86,130 | 2,17,100 | 2,246.50 | 2,620 |
| 2082/06/06 | Monday | 1,86,730 | 2,17,800 | 2,272.00 | 2,650 |
| 2082/06/07 | Tuesday | 1,90,070 | 2,21,700 | 2,298.00 | 2,680 |
| 2082/06/08 | Wednesday | 1,91,185 | 2,23,000 | 2,315.00 | 2,700 |
| 2082/06/09 | Thursday | 1,89,730 | 2,21,300 | 2,302.00 | 2,685 |
| 2082/06/10 | Friday | 1,90,780 | 2,22,500 | 2,349.00 | 2,740 |

## सुनचाँदीको मूल्यमा ऐतिहासिक रेकर्ड कायम

यो साता नेपाली बजारमा सुनचाँदीको मूल्यले ऐतिहासिक रेकर्ड राखेको छ । साताको पहिलो दिन आइतबार तोलाको २,१७,१३० कायम रहेकोमा सोमबार सुन तोलाको २,१७,८०० कायम भएर उच्च मूल्य रहन पुग्यो । मंगलबारपनि बढेर २,२१,७०० भएकोमा बुधबार झनै बढेर २,२३,००० पुग्यो, जुन हालसम्मको उच्च भाउ हो । बिहीबार घटेर २,२१,३०० पुगेकोमा शुक्रबार केही बढेर २,२२,५०० कायम भयो । जुन आइतबारको तुलनामा ५ हजार ४०० रुपैंयाले बढी हो ।

त्यस्तै यो साता नेपाली बजारमा चाँदीको मूल्यले पनि हालसम्मकै उच्च रेकर्ड बनाएको छ । साताको पहिलो दिन तोलाको २ हजार ६२० रुपैयाँ कायम भएर उच्च मूल्य कायम रहन गएकोमा सोमबार, मंगलबार, बुधबार बढेकोमा बिहीबार केही घटेर शुक्रबार आइपुग्दा हालसम्मकै ऐतिहासिक रेकर्ड तोलाको २ हजार ७४० कायम भयो । जुन साताको पहिलो दिन आइतबारको तुलनामा भने शुक्रबार चाँदीको मूल्य प्रतितोला १२० रुपैयाँ बढेको हो ।

चीन लगायत विश्वका उदयमान देशहरुले विकसित राष्ट्रहरुको सुन रिजर्व अनुपातमा पुर्‍याउन लाखौं औंस बृद्धि गर्नुपर्ने देखिएको साथै अमेरिकी फेडेरल रिजर्वले मौद्रिक नीति खुकुलो बनाउने संकेत गरेसँगै अन्तर्राष्ट्रिय बजारमा सुनको माग उच्च रहन गएको विश्लेषकहरुले बताएका हुन् । नेपाली बजारमा यसैको प्रभाव परेको छ ।

किरणभाई बज्राचार्य
महासचिव

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712